**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १४ जुलाई २०२६**
समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

## प्रमुख समाचार

- आज नवन्नामा भएको बैठकपछि, केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहान र मुख्यमन्त्री शुभेन्दु अधिकारीले राज्यमा सुरु गरिएको १२५ दिनको रोजगार योजना (जी-राम-जी योजना) अन्तर्गत न्यूनतम ज्याला बढाइएको घोषणा गर्नुभएको छ।

- पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज कोलकातामा आयोजित वन सप्ताह कार्यक्रममा बोल्नुहुदै चट्याङबाट बच्न नरिवलको रूख रोप्ने कुरामा जोड दिनुभयो।

- सरकारले राज्य पुलिस प्रशासनमा ठूलो फेरबदल गर्दै, ३३ जना आईपीएस र डब्लुबीपीएस अधिकारीहरूलाई ट्रान्सफर गरेको छ।

- उत्तरकन्यामा आयोजित उच्चस्तरीय बैठकमा जीटीए- को २०० करोडको डीपीआर रद्द गर्ने निर्णय।

- दार्जिलिङ हिमालयन रेलवे (DHR) लाई दक्षिण कोरियाको बुसानमा आयोजना हुने युनेस्को विश्व सम्पदा स्थल प्रबन्धक मञ्चमा भाग लिने अवसर प्राप्त भएको छ।

## शिवराज सिंह चौहान/ शुभेन्दु अधिकारी बैठक

केन्द्र सरकारले पश्चिम बंगालमा ग्रामीण विकास र कृषि क्षेत्रलाई बढावा दिने उद्देश्यले धेरै महत्त्वपूर्ण घोषणाहरू गरेको छ। आज नवन्नामा भएको बैठकपछि, केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहान र मुख्यमन्त्री शुभेन्दु अधिकारीले राज्यमा सुरु गरिएको १२५ दिनको रोजगार योजना (जी-राम-जी योजना) अन्तर्गत न्यूनतम ज्याला बढाइएको घोषणा गर्नुभएको छ। यसबाहेक, ३१ मार्च सम्ममा यस योजनाको लागि ८ हजार ५०० करोड रुपियाँ जारी गर्ने घोषणा गरिएको छ।बैठकपछि, शिवराज सिंह चौहानले राज्यमा अहिलेसम्म २.५६ करोड रोजगार कार्ड धारकहरू पहिचान भइसकेको बताउनुभयो। उहाँले रोजगार कार्ड नभएका योग्य व्यक्तिहरूको आवेदन स्वीकृत गर्न अधिकारीहरूलाई नीतिगत निर्णय लिन निर्देशन दिइएको पनि बताउनुभयो।मुख्यमन्त्री शुभेन्दु अधिकारीले राज्यले प्रधानमन्त्री आवास योजना अन्तर्गत एक लाख नयाँ घरहरूको लागि स्वीकृति प्राप्त गरेको र राज्य सरकारको अनुरोधमा, मनसुन र अन्य परिस्थितिहरूलाई ध्यानमा राख्दै, सबै योग्य व्यक्तिहरुको समावेश सुनिश्चित गर्न लाभार्थी सूची तयार गर्ने अन्तिम मिति १५ अगस्ट सम्म बढाइएको बताउनुभएको छ।बैठकमा ग्रामीण विकास, कृषि र पूर्वाधारसँग सम्बन्धित अन्य धेरै निर्णयहरू पनि लिएको छ। केन्द्र सरकारले प्रधानमन्त्री ग्राम सडक योजना (PMGSY) अन्तर्गत राज्यमा २ हजार ४०० किलोमिटर नयाँ सडक निर्माणलाई अनुमोदन गर्दै पहिलो चरणको लागि १ हजार करोड रुपियाँ जारी गरिएको छ।कृषि क्षेत्रलाई सुदृढ पार्न राज्यको कृषियोग्य जमिनको वैज्ञानिक परीक्षण गरिनेछ। यसको आधारमा विभिन्न जिल्लाहरूमा माटोको प्रकारमा आधारित बाली उत्पादनको योजना विकास गरिनेछ। चार प्रशिक्षण केन्द्र र अनुसन्धान प्रयोगशालाहरू स्थापना गर्न पनि स्वीकृति दिइएको छ।मालदामा आँप, लिची र अन्य फलफूलको उत्पादनलाई प्रवर्द्धन गर्न १०० करोड रुपियाँको परियोजनालाई अनुमोदन गरिएको छ। यसबाहेक, अन्य राज्यहरूमा निर्भरता कम गर्न पश्चिम बंगालमा आलु र जुटको बीउ उत्पादनलाई प्रोत्साहित गरिनेछ। केन्द्रीय मन्त्रीले पश्चिम बंगाललाई पूर्वी भारतको लागि प्रमुख बीउ उत्पादन केन्द्र

बनाइने बताउनुभयो।मुख्यमन्त्रीले केन्द्र सरकारले दार्जिलिङ, अलिपुरद्वार, वीरभूम र पुरुलिया जिल्लाहरूमा प्रधानमन्त्री धन-धान्य योजना लागू गर्ने निर्णय गरेको पनि जानकारी दिनुभयो।

## पश्चिम बंगाल वन सप्ताह

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज कोलकातामा आयोजित वन सप्ताह कार्यक्रममा बोल्नुहुदै चट्याङबाट बच्न नरिवलको रूख रोप्ने कुरामा जोड दिनुभयो। उहाँले राज्य प्रदूषण नियन्त्रण बोर्डलाई नरिवलको बिरुवा वितरण गर्न अनुरोध पनि गर्नुभयो। कोलकाताको साल्ट लेकस्थित बोनोबितान जैविक विविधता पार्कमा आयोजित कार्यक्रममा बोल्नुहुदै मुख्यमन्त्रीले राज्य सरकारले यस वर्ष ७ करोड २० लाख बिरुवा वितरण गर्ने लक्ष्य राखेको बताउनुभयो। यी मध्ये ९ लाख बिरुवा ५ जुनमा विश्व पर्यावरण दिवसको अवसरमा रोपि सकिएको छ। उहाँले आगामी रथयात्राको अवसरमा पश्चिम बंगालभरि आयोजना गरिने शिविरहरूमा पनि बिरुवा वितरण गरिने बताउनुभयो। वन सप्ताह २० जुलाई सम्म जारी रहनेछ।

## सरकार पुलिस अधिकारी फेरबदल

सरकारले राज्य पुलिस प्रशासनमा ठूलो फेरबदल गर्दै, ३३ जना आईपीएस र डब्लुबीपीएस अधिकारीहरूलाई ट्रान्सफर गरेको छ। धेरै वरिष्ठ अधिकारीहरूलाई नयाँ जिम्मेवारी दिएको छ, जबकि अरूलाई कम महत्त्वका पदहरूमा सरुवा गरिएको छ। सरकारले आर्थिक अपराध र कथित भ्रष्टाचारको अनुसन्धानलाई पुनर्गठन गर्ने प्रयास पनि गरेको छ।

पूर्व कोलकाताका पुलिस आयुक्त र वर्तमान सीआईडी प्रमुख सुप्रतिम सरकारलाई उनको पदबाट हटाएर पुलिस दूरसञ्चार विभागको अतिरिक्त पुलिस महानिदेशक नियुक्त गरिएको छ। उनी माथि शाहजहाँ प्रकरणदेखि सन्देशखली क्षेत्रसम्मका धेरै घटनाहरूको अनुसन्धान गर्ने जिम्मेवारीमा थिए र तृणमूल कांग्रेसका नेताहरूलाई संरक्षण गरेको आरोप लागेको थियो। त्यसैले, उनलाई कम महत्त्वपूर्ण पदमा पठाईएको हो। यसैबीच, २००४ ब्याचका आईपीएस अधिकारी प्रवीण त्रिपाठीलाई होमगार्ड्स अर्गनाइजेसनको महानिरीक्षक नियुक्त गरिएको छ। त्रिपाठीले पहिले कोलकाता पुलिसको गुप्तचर विभागको प्रमुख र हावडा र ब्यारेकपुरका पुलिस आयुक्त जस्ता महत्त्वपूर्ण पदहरू सम्हालेका थिए।

सरकारले १९९७ ब्याचका आईपीएस अधिकारी कालियाप्पन जयरामनलाई आर्थिक अपराध निर्देशनालयको प्रमुखको रूपमा नियुक्त गरेको छ। जयरामनलाई यसअघि तृणमूल कांग्रेसको शासनकालमा कथित आर्थिक अनियमितताको अनुसन्धान गर्न गठित आयोगको सदस्य सचिव नियुक्त गरिएको थियो। २०१३ मा, उनले सिलिगुडी-जलपाईगुडी विकास प्राधिकरणमा भ्रष्टाचारको आरोपमा तत्कालीन प्रमुख कार्यकारी अधिकृत तथा जिल्ला मजिस्ट्रेट आईएएस अधिकारी गोदाला किरण कुमारलाई पक्राउ गरेका थिए।

सरकारले त्रिपुरारी अथर्वलाई विधाननगर पुलिस आयुक्तको पदबाट हटाएर ट्राफिक तथा सडक सुरक्षा विभागको अतिरिक्त पुलिस महानिदेशक नियुक्त गरेको छ। अमित कुमार राठौरलाई विधाननगरको नयाँ पुलिस आयुक्त नियुक्त गरिएको छ। राठौर पहिले रायगंज रेन्जको उपमहानिरीक्षकको रूपमा कार्यरत थिए।प्रेसिडेन्सी सुधार गृहमा कैदीहरूबाट मोबाइल फोन र सिम कार्डहरू जफत भएपछि हालै चर्चामा आएका आईपीएस अधिकारी नटराजन रमेश बाबुलाई सीआईडीको पुलिस महानिदेशक नियुक्त गरिएको छ। उनले कारागार महानिदेशकको अतिरिक्त कार्यभार पनि सम्हाल्नेछन्।

## जीटीए- २०० करोडको डीपीआर रद्द गर्ने निर्णय

पहाडी प्रशासनमा पारदर्शिता र विकासलाई गति दिने उद्देश्यले आज उत्तरकन्यामा आयोजित उच्चस्तरीय बैठकमा जीटीए अन्तर्गत लगभग २०० करोड रुपियाँको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) रद्द गर्ने निर्णय गरिएको छ। बैठकमा राज्यका गृह तथा पहाडी मामिला राज्यमन्त्री विशाल लामा, दार्जीलिङका सांसद राजु विष्ट तथा जीटीए र जिल्ला प्रशासनका वरिष्ठ अधिकारीहरू सहभागी थिए।राज्यमन्त्री विशाल लामाले जनहितभन्दा ठेकेदार र केही व्यक्तिको स्वार्थमा तयार गरिएका परियोजनाहरू रद्द गरी व्यावहारिक विकास योजनाहरू अघि बढाइने बताउनुभयो। मुख्यमन्त्री कार्यालय र गृह मन्त्रालयको अन्तिम स्वीकृतिपछि नयाँ परियोजनाहरू कार्यान्वयन गरिने उहाँले जानकारी दिनुभयो।सांसद राजु विष्टले जीटीए को वार्षिक ३६० करोड रुपियाँको बजेटबाहेक उत्तर बंगाल विकास विभाग मार्फत थप २५० करोड रुपियाँ उपलब्ध गराउने तयारी भइरहेको बताउनुभयो। साथै, १ करोड रुपियाँभन्दा बढी लागतका लगभग ५० वटा परियोजनामा वित्तीय अनियमितताको आशंकामा विभागीय

अनुसन्धान र लेखापरीक्षण भइरहेको जानकारी दिँदै आवश्यक परे सीएजी, ईडी वा सीबीआई मार्फत थप अनुसन्धान गरिने निर्णय सरकारले लिने बताउनुभयो।

## युनेस्को विश्व सम्पदा स्थल प्रबन्धक मञ्च DHR

पहाडको सुन्दरता बीच चल्ने दार्जिलिङको प्रसिद्ध टॉय ट्रेनले अब अन्तर्राष्ट्रिय मञ्चमा भारतको प्रतिनिधित्व गर्ने भएको छ। दार्जिलिङ हिमालयन रेलवे (DHR) लाई दक्षिण कोरियाको बुसानमा आयोजना हुने युनेस्को विश्व सम्पदा स्थल प्रबन्धक मञ्चमा भाग लिने अवसर प्राप्त भएको छ। यो अन्तर्राष्ट्रिय बैठक १६ जुलाईमा सुरु हुनेछ र आठ दिनसम्म चल्नेछ, जसमा भारत सहित २१ देशका प्रतिनिधिहरू सहभागी हुनेछन्।DHR का निर्देशक ऋषभ चौधरी यस बैठकमा भाग लिन दिल्लीबाट दक्षिण कोरिया जानुहुनेछ। उहाँले दार्जिलिङकोटॉय ट्रेन लाई यस मञ्चमा 'लिविंग हेरिटेज' को रूपमा प्रस्तुत गर्नुहुनेछ। उल्लेखनीय छ, पहिलो पटक DHR ले यस मञ्चमा देशको प्रतिनिधित्व गरिरहेको छ।बैठकमा यो ऐतिहासिक टॉय ट्रेन सेवाले मैदानदेखि पहाडसम्मको आफ्नो अनौठो यात्रा र दार्जिलिङको संस्कृतिसँगको गहिरो सम्बन्ध मार्फत दशकौंदेखि पर्यटकहरूलाई कसरी आकर्षित गर्दै आएको छ भन्ने कुरा प्रदर्शन गर्नेछ।यस सम्मेलनले विश्वभरिका विभिन्न देशका सम्पदा स्थलहरूको संरक्षण र आधुनिकीकरणको बारेमा छलफल हुनेछ।DHR अधिकारीहरूका अनुसार, सम्मेलनले प्राप्त अनुभवहरूले टॉय ट्रेनको सेवा र पूर्वाधार सुधार गर्न मद्दत गर्नेछ।

## सर्वोच्च न्यायालय-पश्चिम बंगाल

पश्चिम बंगाल सरकारले राज्यको अन्य पिछडिएका वर्ग (ओबीसी) सूचीमा ७७ समुदाय, जसमध्ये अधिकांश मुस्लिम छन्, लाई समावेश नगर्ने कलकत्ता उच्च अदालतको निर्णयलाई चुनौती दिने याचिका सर्वोच्च अदालतबाट फिर्ता लिएको छ।राज्य सरकारको प्रतिनिधित्व गर्दै सॉलिसिटर जनरल तुषार मेहताले मुख्य न्यायाधीश सूर्य कान्त, न्यायाधीश जयमाल्य बागची र न्यायाधीश वी. मोहन सम्मिलित बेन्चलाई जानकारी गराउनुभयो कि सरकारले आफ्नो याचिका फिर्ता लिन चाहन्छ। त्यसपछि बेन्चले राज्य पिछडिएको वर्ग आयोगलाई आफ्नो छुट्टै याचिका फिर्ता लिन अनुमति दिएको छ।यसअघि, ममता बनर्जीको नेतृत्वमा रहेको तत्कालीन तृणमूल कांग्रेस सरकारले सर्वोच्च अदालतमा कलकत्ता उच्च अदालतको निर्णयलाई चुनौती दिएको थियो, जसमा ७५ मुस्लिम समुदाय सहित ७७ समुदायलाई ओबीसी सूचीमा समावेश गर्ने निर्णय रद्द गरिएको थियो।

## नयाँ पार्टी निर्माण समिति

नयाँ पार्टी निर्माण समितिका संयोजकद्वय सन्जय थुलुङ अनि बिरेन्द्र रसाईलीको नेतृत्वमा विभिन्न राजनैतिक दलका प्रतिनिधिहरूले  सांसद राजु विष्ट सँग भेट गरेका छन्।गत 11 जुलाई 2026 शनिबारको दिन दार्जिलिङको जीमखाना क्लबमा आयोजना गरिएको सर्वदलीय बैठकमा लिइएको सामूहिक निर्णयअनुसार आज नयाँ पार्टी निर्माण समितिको पहलमा विभिन्न पार्टीका प्रतिनिधिहरूले सांसद कार्यलयमा पुगेर दार्जिलिङका सांसद राजु विष्ट सँग भेट गरेका छन्। भेटघाटको क्रममा सांसद राजु विष्टलाई आगामी मनसुन सेसनमा अलग राज्य गोर्खाल्याण्डको सरकारी बील ल्याउनु पर्ने माग सहित केन्द्रीय गृहमन्त्री अमित शाहलाई प्रेषित गरिने रिकमेन्डेसन ड्राफ्टबारे संयोजक अधिवक्ता बिरेन्द्र रसाईलीले जानकारी गराउनुभयो। पूर्व निर्धारित कार्यक्रम अनुसार सांसदको माध्यम केन्द्रीय गृहमन्त्री अमित शाहलाई बुझाउने रिकमेन्डेसन ड्राफ्ट पनि समूहले सांसद विष्टलाई सुम्पेको छ।

**********